# एच.आइ.भि खुलासा र संक्रमणको आपराधीकरणले महिलालाई हानी गर्ने

# १० वटा कारणहरु

प्रतिलिपि अधिकार २००९ एथेना नेटवर्कमा

सर्वाधिकार सुरक्षित ।

यो लिखतलाई समर्थन गर्न वा अन्य थप जानकारीको लागि सम्पर्क :-

एथेना नेटवर्क : www.athenanetwork.org

एड्स लिगल नेटवर्क : www.aln.org.za

आर्सा (ए आर ए एस ए) : www.arasa.info.

# १० कारणहरुः

हालसालै अफ्रिका, एशिया, ल्याटिन अमेरिका महादेश र क्यारिवियन क्षेत्रका भागहरुमा एच.आइ.भि. संक्रमण गर्ने कार्यलाई विशेष रुपमा आपराधिक कार्य मान्ने कानूनहरु बनेका छन् वा बन्ने क्रममा छन् । संगसंगै, खासगरी यूरोप र उत्तर अमेरिकामा अरुलाई एच.आइ.भि. संक्रमण वा खुलासा पार्ने व्यक्तिलाई विद्यमान कानून प्रयोग गरी मुद्दा चलाइन्छ । यी कानूनहरुले एच.आइ.भि. सार्ने कार्यलाई संक्रमणलाई आपराधीकरण गर्नुको अतिरिक्त कहिले कांही गर्भवती महिलालाई एच.आइ.भि.छ छैन भन्ने कुराको अनिवार्य रुपमा परीक्षण गर्न र स्वास्थ्य सेवा प्रदायकलाई यौन सम्बन्ध कायम राख्ने गोप्य व्यक्ति (नन् कन्सेन्सुल पार्टनर्स) खुलासा गर्न बाध्य गर्दछन् । यस्ले गर्दा यस्तो कानूनको महिलामा असर झन बढी हुन्छ ।

एच.आइ.भि. संक्रमण र खुलासालाई आपराधीकरण गर्ने कार्य महिलालाई संरक्षण गर्ने, धेरै जसो देशहरुमा द्रूतरुपमा फैलिएको एच.आइ.भि. वारे गंभीर चासो प्रति संवोधन गर्ने सदिच्छा र एच.आइ.भि.रोक्नको लागि गरिएका विद्यमान प्रयासहरु सफल हुन नसकेको भन्ने कुराबाट निर्दिष्ट छ। यी चासोहरु वैधानिक भएता पनि र यी चासोलाई तुरुन्त संवोधन गर्नु पर्ने भएता पनि गहिरो रुपमा विश्लेषण गर्दा आपराधीकरणले नयाँ संक्रमण घटाउँदैन महिलाको एच.आइ.भि. प्रतिको जोखिमलाई पनि घटाउँदैन । आपराधीकरणले महिलालाई सहयोग भन्दा हानी नै पुऱ्याउंदछ । सार्वजनिक स्वास्थ्य सम्बन्धी आवश्यकता र मानव अधिकारको संरक्षण दुवैमा नकारात्मक प्रभाव पार्दछ ।

एच.आइ.भि.एडस, मानव अधिकार र महिला संगठनको वृहत गठ जोडले सन् २००८ को डिसेम्बरमा तयार गरेको एउटा लिखत “एच.आइ.भि.

# १० कारणहरु:

जोखिममा पार्ने वा सार्ने कार्यको आपराधीकरणलाई विरोध गर्नु पर्ने १० वटा कारणहरु" ले एच.आइ.भि.संक्रमण वा खुलासालाई आपराधीकरण गर्ने कार्य किन सामान्यत अनुचित र अप्रभावकारी सार्वजनिक नीति हो भन्ने दशवटा कारणहरु पेश गर्दछ। यो लिखतले यी कारणहरु मध्ये एच.आइ.भि. जोखिममा पार्ने र सार्ने कार्यलाई आपराधीकरण गर्दा महिलालाई न्याय प्रदान गर्नु त कता हो कता बरु उनीहरु कसरी संकटमा पर्दछन् र शोषित हुन्छन् भन्ने कुराको थप व्याख्या गर्दछ।

एच.आइ.भि. जोखिममा पार्ने र सार्ने कार्यलाई आपराधीकरण गर्ने कार्यले महिला र केटीहरु एच.आइ.भि. प्रति असमानुपातिक रुपमा कमजोर हुने मूल कारणहरुलाई रत्तिभर संवोधन गर्दैन। यी कारणहरु लिङ्गमा आधारित हिंसाको महामारी र आर्थिक, राजनीतिक र सामाजिक असमानता हुन। यसको विपरित, तल उल्लेख गरिएका दशवटा कारणहरुले, आपराधीकरणले महिलाले भोग्ने हिंसा र दुर्व्यवहारको जोखिम झन बढाउन सक्ने देखिन्छ भने स्वास्थोपचार र पारिवारिक वातावरणमा विद्यमान असमानता सुदृढ वृद्धि गर्न, डर र दाग झन बढाउन, महिलाको एच.आइ.भि. र एच.आइ.भि. संग सम्बन्धित अधिकारको उल्लंघन प्रतिको जोखिम र कमजोरीपना वृद्धि गर्न सक्दछ र महिलामा नकारात्मक असर पार्दछ।

# १० कारणहरु:

## १ एच.आइ.भि. जाँच लगायत एच.आइ.भि. निवारण, उपचार र हेरविचारमा महिलाको पहुंच हुनमा हतोत्साहन हुनेछ :-

एच.आइ.भि. भएको खुलासा र एच.आइ.भि. पोजिटिभ हो भन्ने ठहर भएपछि त्यसबाट हुने हिंसा र दुत्कारबाट धैरै महिलाहरु डराउंछन् । एच.आइ.भि. को जोखिममा पार्ने वा सार्ने कार्यलाई आपराधीकरण गर्दा महिलाको स्वास्थोपचारमा थप बाधा व्यवधान उत्पन्न हुन सक्दछ । निश्चित गोपनियताको अभाव, विद्यमान दाग, विभेद र अधिकारको अन्य उल्लंघन अहिले नै एच.आइ.भि. रोकथाम र जाँच गर्ने सेवा गर्ने कार्यको तगारोको रुपमा उभिएका छन् । अहिले नै गर्भवती महिलाहरु जाँच गर्दा एच.आइ.भि. देखिने र तत्पश्चात मुद्दा चलाइन सक्ने भयले सुत्केरी हुनु अघिको सेवा लिन निरुत्साहित भएका छन्, किनभने जाँच गर्दा एच.आइ.भि. पोजिटिभ देखिनेछ र उनीहरु दुर्व्यवहारको जोखिममा पर्ने छन् । एच.आइ.भि. खुलासा र संक्रमणलाई आपराधीकरण गर्ने कार्यले बाल स्वास्थ्य, मातृ स्वास्थ्य र प्रशवकालिन एच.आइ.भि. संक्रमण कार्यक्रमहरुलाई कम प्रभावकारी पार्न सक्दछ, किनभने, महिलाहरुले डरको कारणले यी सेवाहरु लिन नचाहन सक्दछन् । यसरी, वास्तवमा महिलाहरुलाई आफ्नो र आफ्नो बालबच्चाको लागि उपलब्ध उपचार र हेरविचार सेवाको पहुंचबाट वञ्चित गरिंदैछ ।

## २ एच.आइ.भि. संक्रमणको लागि महिलाहरुलाई बढी दोष दिइने संभावना :

आफनो एच.आइ.भि. पोजिटिभको अवस्था खास गरी महिलाले नै पहिले थाहा पाउंछन् । किनकि, सरकारी निकायहरु खास गरी सुत्केरी हुनु अघिको अवस्थामा प्रदायकको अग्रसरतामा गरिने एच.आइ.भि. पोजिटिभ जाँच र उपलब्ध गराइने परामर्श सेवा तिर निर्देशित हुन्छन् ।

# १० कारणहरु:

यसरी, महिलाहरुलाई स्वास्थ्यकर्मीले उनीहरुका घनिष्ठ साथी, साथीका परिवार र समुदायले "घरमा एच.आइ.भि. पोजिटिभ, ल्याएको" भनी दोष दिने संभावना बढी रहेको छ । यो दोष र दागबाट महिलाहरु घरबाट निष्काशित हुन, समूहमा समावेश नगरिन, परिव्यक्त हुन, सम्पत्ति र अपुतालीबाट वञ्चित हुन, बालबच्चाको जिम्माबाट वञ्चित हुन सक्दछन् । एच.आइ.भि. खुलासा / संक्रमणलाई आपराधीकरण गर्ने कानूनले महिलालाई शोषण गर्ने अर्को औजार मात्र प्रदान गर्दछ । यो विशेष रुपमै सत्य हो किनकि सम्बन्ध विच्छेद र अपुतालीका सम्बन्धमा प्रथागत तथा औपचारिक कानूनी प्रणालीहरु दुवैमा अझै पनि दोषले महत्वपूर्ण काम गर्दछ ।

## ३ महिलाहरु एच.आइ.भि. संग सम्बन्धित हिंसा तथा दुर्व्यवहारको उच्च जोखिममा पर्ने छन् :

हिंसाले महिलाको एच.आइ.भि. संक्रमण हुने जोखिम त छदैछ, महिलामा एच.आइ.भि. पोजिटिभ छ भन्ने ठहर हुंदा पनि हिंसाको जोखिम वृद्धि हुन्छ । हिंसाको डरले महिलाहरु आफूलाई एच.आइ.भि. छ भन्ने कुरा खुलासा गर्न हतोत्साहित हुन्छन् । अनुसन्धानले के कुरा दर्शाएको छ भने एच.आइ.भि. पोजिटिभ देखिएका जवान महिलाहरु एच.आइ.भि. नभएका दौतरीहरु भन्दा दश गुणा बढी हिंसा र दुर्व्यवहारको शिकार हुन सक्दछन् । घरमा एच.आइ.भि. ल्याएको कारण महिलाहरुलाई उनीहरुको लोग्नले मारेका समाचारहरु पनि बढदैछन् । एच.आइ.भि. खुलासा र संक्रमणलाई अपराधीकरण गर्दा महिलाहरुले अभियोजनबाट छलिनको लागि आफूलाई एच.आइ.भि. भएको कुरा खुलासा गर्न बाध्य हुनु परेको महसूस गर्न सक्ने हुनाले एच.आइ.भि. पोजिटिभ देखिएका महिला

# १० कारणहरु:

बिरुद्ध हिंसा र दुर्व्यवहारका घटना वृद्धि हुन सक्दछन् । यसबाट लोग्ने र परिवारबाट हिंसा र दुर्व्यवहार हुने जोखिम पनि बढी हुन्छ ।

## ४ एच.आइ.भि. खुलासा र संक्रमणलाई आपराधीकरण गर्दा महिलाहरु करकाप र हिंसाबाट सुरक्षित हुंदैनन :

वैवाहिक बलात्कार लगायत यौनजन्य हिंसा तथा बलात्कारबाट विश्वव्यापी रुपमै महिलाहरु एच.आइ.भि. संक्रमित हुने जोखिममा रहेका छन । यौनजन्य हिंसा बिरुद्धको कानूनी  व्यवस्थाहरु पनि कमजोर रुपमा कार्यान्वयन हुन्छन । यौनजन्य हिंसाका पीडितलाई आवश्यक औषधोपचार, गर्भ रहन नदिन आकस्मिक गर्भनिरोधक साधन र एच.आइ.भि. सर्न नदिन खुलासा पश्चातको रोकथाम (पोस्ट एक्स्पोजर प्रोफिलेकूसिस) प्रदान गर्ने सरकारी नीति तथा निर्देशन प्रायस: कार्यान्वयन हुंदैनन् । एच.आइ.भि. खुलासा र संक्रमणलाई आपराधीकरण गर्दा महिलाहरु न त हिंसा र बलात्कारबाट सुरक्षित हुन्छन् न अनिच्छित गर्भबाट नै । बरु, एच.आइ.भि. बाट संक्रमित बलात्कार पीडित महिलाहरुलाई एच.आइ.भि. खुलासा र संक्रमणको लागि अभियोजन गर्न सकिने हुनाले त्यसले महिला "दोस्रो आपराधीकरण" हुने जोखिम वृद्धि गर्दछ ।

## ५ महिलाको सूचित यौनजन्य र सन्तानोत्पादन गर्ने निर्णयको अधिकार अझ प्रभावित हुनेछ :

पितृसत्तात्मक सामाजिक संरचनाले महिलाको यौनजन्य तथा सन्तानोत्पादन कार्य लगायत जानी बुझिकन निर्णय गर्ने अधिकारलाई उपेक्षा गर्दछ । फलस्वरुप, महिलाहरु यौन कार्यमै सहभागी

# १० कारणहरु:

हुने नहुने लगायत अक्सर यौनका शर्तहरुमा छलफल गर्न र कण्डम प्रयोग गर्ने कुराका सम्बन्धमा पनि छलफल गर्न सक्दैनन्। सूचित निर्णय गर्नका लागि यौनजन्य तथा सन्तानोत्पादन स्वास्थ्य र अधिकार आवश्यक जानकारीमा महिलाहरुको अकसर कम पहुंच हुन्छ र अविभेदकारी र पूर्वाग्रहरहित यौनजन्य तथा सन्तानोत्पादन स्वास्थ्य सेवामा पनि कम पहुंच हुन्छ। एच.आइ.भि. खुलासा र संक्रमणलाई आपराधीकरण गर्दा लाग्ने वा बच्चालाई एच.आइ.भि. खुलासा वा संक्रमण गरे वापत अभियोजन हुन सक्ने जोखिम हुंदा यौनमा संलग्न हुने नहुने, भए कसरी, कहिले र कोसंग संलग्न हुने र बालबच्चा जन्माउने नजन्माउने कुराको निर्णय गर्ने क्षमतालाई झन कमजोर पार्दछ। यसका अतिरिक्त, आपराधीकरणले एच.आइ.भि. पोजिटिभ भएका महिलाको यौनजन्य र सन्तानोत्पादन स्वास्थ्य तथा अधिकार प्रवर्द्धन गने कार्यलाई पनि उपेक्षा गर्दछ।

## ६ महिलाहरु अभियोजित हुने बढी संभावना :

महिलाहरुले नै आफूलाई एच.आइ.भि. भए नभएको कुरा बढी थाहा पाउने हुनाले एच.आइ.भि. खुलासा र संक्रमणको लागि पनि उनीहरु अभियोजित हुने संभावना पनि बढी हुन्छ। किनभने, अभियोजनको लागि आफूलाई एच.आइ.भि. पोजिटिभ भएको कुरा थाहा पाउनु अकसर आवश्यक हुन्छ। यसका साथै, कानूनी सेवा, अर्थात, स्वच्छ सुनुवाईमा महिलाको पहुंच हुने संभावना कम हुन्छ। प्रमाणको भार र कानूनको पूर्वाग्रही प्रयोगले एच.आइ.भि. खुलासा र संक्रमणको लागि महिलाहरुलाई अभियोग लगाउने, मुद्दा चलाइने र दोषी पाइने जोखिम अझ वृद्धि हुन्छ।

# १० कारणहरु:

## ७ केही महिलाहरुलाई आमाबाट बच्चालाई संक्रमण भए वापत अभियोजन गर्न सकिन्छ :

एच.आइ.भि. संक्रमण वा खुलासालाई आपराधीकरण गर्ने केही कानून गर्भावस्था र स्तनपानको अवस्थामा हुने संक्रमणलाई समेत व्यापक रुपमा समेट्ने गरी मसौदा भएका छन् । एच.आइ.भि. भएर बाँचिरहेका तर अकसर परिवार नियोजन, सन्तानोत्पादन स्वास्थ्य सेवा वा प्रसव हुंदा एच.आइ.भि. संक्रमण रोक्ने औषधिमा पहुंच नदिइएका लाखौं महिलाहरुको लागि यो कानूनले इच्छित वा अनिच्छित गर्भलाई प्रभावकारी रुपमा एउटा अपराध सृजना गर्दछ । यसका अतिरिक्त, धेरैजसो निम्न आय र माध्यम आय भएका परिवारमा बच्चाको अस्तित्व र कल्याणको लागि एच.आइ.भि. संक्रमणको संभावना हुंदा हुंदै पनि स्तनपान नै सर्वोत्तम् विकल्प भएको कुरा पनि मानिदै गएको छ । प्रसव हुंदा एच.आइ.भि. पोजिटिभ संक्रमण हुन नदिन धेरै प्रभावकारी उपायहरु छन् : सबै महिलाको गर्भ सम्बन्धमा सूचित निर्णय गर्ने अधिकारलाई समर्थन गरेर, उनीहरुलाई यौनजन्य तथा सन्तानोत्पादन सूचना प्रदान गरेर; पहिले नै महिला र युवतीहरुमा एच.आइ.भि. रोकेर; सबै महिलामा अनिच्छित गर्भ हुन नदिएर र बच्चा जन्माउन चाहने वा गर्भवती एच.आइ.भि. पोजिटिभ भएका महिलाहरुलाई सुत्केरी हुनु अघि संक्रमण हुन नदिन प्रभावकारी औषधि र औषधोपचार सेवा दिएर ।

# १० कारणहरुः

## ८ एच.आइ.भि. संक्रमण प्रति महिलाहरु कमजोर हुन्छन् :

लैङ्गिक असमानता र विषमता लगायत महिलाको सूचना, स्रोत र सेवामा पहुंच सीमित गर्ने विद्यमान तगारामा एच.आइ.भि. खुलासा वा संक्रमण गरे वापत अभियोजन हुने डर थपिन्छ । स्वास्थ्य सम्बन्धी सूचना र सेवामा लैङ्गिक पहुंच र कसैलाई एच.आइ.भि. जोखिममा पारे वा सारे अपराधी हुनु पर्ने भय समेतले महिलाहरुलाइ यौनका शर्तहरु वारे छलफल गर्न नसक्ने गरी कमजोर बनाउंछ । किनभने, कण्डम प्रयोग गर्नको लागि छलफल गर्दा त्यसलाई एच.अई. भि. पोजिटिभ भएको ठहर गरेको प्रमाण मानिन्छ ।

## ९ अत्यन्त कमजोर र सीमान्तिकृत महिला सबैभन्दा बढी प्रभावित हुनेछन् :

समलिङ्गी महिला, महिला यौनकर्मी र लागू औषधमा दुर्व्यसनी महिला जस्ता "कमजोर र सीमान्तीकृत" महिलाहरुको "आपराधिक हैसियत" को कारणले गर्दा प्रायः एच.आइ.भि. रोकथाम, जाँच, उपचार, हेर विचार र सहयोग सेवा जस्ता सेवामा पर्याप्त पहुँच हुंदैन । एच.आइ.भि.खुलासा र संक्रमणलाई आपराधिकरण गर्दा यसै पनि आपराधीकरण गरिएका महिलालाई झन बढी दाग लगाउने संभावना रहन्छ । यसले गर्दा, दोहोरो अभियोजन (आपराधिक आचरणमा संलगन भए वापत र एच.आइ.भि.खुलासा र संक्रमण गरे वापतको) हुने त्रासले त्यस्ता महिलाहरुलाई स्वास्थ्य सेवा र अन्य सेवामा पहुँच हुन नदिने अर्को तगारो सृजना गर्दछ ।

# १० कारणहरुः

## (१०) एच.आइ.भि. प्रति जुध्न मानव अधिकार सबैभन्दा बढी प्रभावकारी हुन्छ :

विश्वव्यापी एच.आइ.भि. महामारी प्रति जुध्नको लागि मानव अधिकारमा उच्च जोड दिन आवश्यक भएको छ। एच.आइ.भि. एडस खुलासा र संक्रमणलाई आपराधिकीकरण गर्दा मानव अधिकारमा सम्झौता हुन्छ; सार्वजनिक स्वास्थ्य सेवा प्रतिको अग्रसरता प्रति उपेक्षा हुन्छ र विशेष गरी महिलाको जोखिम र कमजोरिपनामा पनि वृद्धि हुन्छ।

# १० कारणहरुः

एच.आइ.भि. संग जुध्न यसलाई आपराधीकरणको मार्फत डर पैदा गर्नु भन्दा मानव अधिकारले नै सबै मानिसको यौनजन्य अधिकार लगायत मर्यादा संरक्षण गर्दछ र मानिसहरुले आफ्नो स्वास्थ्य र जीवनका वारेमा स्वतन्त्र र सूचित रुपमा छनौट गर्न सक्ने वातावरण सृजना गर्दछ । यी अवस्थाहरु निम्न समेत हुन :

- एच.आइ.भि. रोकथाम गर्ने औजार र प्रविधिको निर्वाध सूचना पाउने अधिकार र यौन र यौनिकता जस्ता अन्तरङ्ग विषय र गर्भ धारण गर्ने विषयमा सूचित निर्णय गर्ने अधिकार,

- सबै प्रकारका हिंसा, शारीरिक अखण्डतामा आक्रमण, वैवाहिक बलात्कार र सबै प्रकारका यौन करकापबाट स्वतन्त्रता,

- स्वेच्छाचारी गिरफ्तारी थुना, र यौन कार्य, लागू औषध र समलिङ्गी सम्बन्धलाई आपराधिकीकरण गर्ने कानून अन्तर्गतको लामो थुनाबाट स्वतन्त्रता,

- दम्पतीको मृत्यु वा सम्बन्ध विच्छेदका कारणले महिलाले गरीबी र एच.आइ.भि. हुने उच्च जोखिम तिर निर्दिष्ट हुनु नपरोस भन्नको लागि सम्पत्ति र अपुतालीमा उनीहरुलाई समान पहुँच हुने ।

जब उपरोक्त अवस्थाहरु पूरा हुन्छन वा जब मानिसहरुलाई आफ्नो यौनिक जीवनमा नियन्त्रण गर्ने समान हक हुन्छ र उनीहरु एच.आइ.भि. रोकथाम गर्ने सबै विकल्पहरु वारे स्वतन्त्र सूचित निर्णय गर्ने हैसियतमा हुन्छन् त्यतिखेर एच.आइ.भि. खुलासा र संक्रमणको अपराधीकरण विगतको कुरा हुन्छ ।

# १० कारणहरुः

एच.आइ.भि. खुलासा र संक्रमणलाई अपराधीकरण गर्दा किन महिलालाई हानी हुन्छ भन्ने दश कारणहरु एडस लिगल नेटवर्क (एवल.एन) का डा. लोहना केलर, एडस एन्ड राइट्स अलायन्स फर साउथर्न अफ्रिकाको मिसेला क्लेटन र एथेना नेटवर्कका टाइलर क्रोनले, एथेना अपराधीकरण एच.आइ.भि. इम्प्लकेशन्स फर वोमेन वर्किङ्ग ग्रुपको सहकार्य र सौजन्यमा मस्यौदा गरेका थिए । अतिरिक्त कार्य समूह सदस्य निम्न समेत (संस्थागत आवदत्ता परिचयको उद्देश्यको लागि मात्रै हो) छन् ।

अजिजा एहमद (अन्तर्राष्ट्रिय स्वास्थ्य र मानव अधिकार सम्बन्धी कार्यक्रम हारभार्ड स्कूल अफ पब्लिक हेल्थ, यु.एस.ए.,

लौरा डिसाइलन, युनिभरसिटी अफ ओट्टावा, क्यानाडा

अमनडाइन बोलिङ्गर, सलामान्डर ट्रस्ट, यु.के.,

मरिया डि ब्रुन, इपास, यु.एस.ए.,

डा. लोरेना डि गियानो, अर्जेन्टाइन नेटवर्क अफ पिपुल लिभिङ् विथ एच.आइ.भि. / एडस, अर्जेन्टिना,

जेनिफर गाट्सी, नामिबिया वोमेन्स हेल्थ नेटवर्क, नामिविया,

फियोन हेल, सालामान्डर ट्रष्ट, यु.के.,

कोको जर्भिस, ट्रिटमेन्ट एक्सन ग्रुप, यु.एस.ए.,

राल्फ जुर्गेन्स, ओ.एस.आइ. ल. एण्ड हेल्थ इनिसिएटिभ, क्यानडा

तामिल केन्डल, युनिभर्सिटि अफ ब्रिटिश कोलम्बिया, क्यानाडा, एण्ड ब्यालेन्स, ए.सी., मेक्सिको,

अबिम्बोला ओनिगबान्जो, सेन्टर फर द राइट टु हेल्थ, नाइजेरिया

# १० कारणहरु:

लिह अउमा ओकेया, वर्ल्ड पल्स, केन्या,

एलिसा स्ल्याटरी, सेन्टर फर रिप्रोडक्टिभ राइट्स, यु.एस.ए.,

लुसी स्ट्याकपुल मोर, आइ.पी.पि. एफ, यु.के.,

मारियोन स्टिभेन्स, हेल्थ सिस्टम्स ट्रस्ट, साउथ अफ्रिका,

मार्था थोलनाह, नेटवर्क अफ जिम्बाबेन पोजिटिभ उमन (एन.जेड.पी.डब्लु+) जिम्बाबे,

बेलिन्डा टिमा, यु.के.

डा. एलाइस वेलवोर्न, सालामान्डर ट्रष्ट, यु.के. ।

द ओपन सोसाइटी इन्स्टिच्यूट पब्लिक हेल्थ प्रोग्रामको ल एण्ड हेल्थ इमिसिएटिभले यो लिखत बनाउन दिएको सुझाव र गरेको मद्दतको लागि यसका लेखकहरु आभारी छन् ।

हामी आर्थिक मद्दतको लागि अक्सफाम इन्टरन्यासनल र द ओपन सोसाइटी इन्स्टिच्यूट हार्म रिडक्सन डेभलपमेन्ट कार्यक्रमलाई धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

सबैको नाम उल्लेख गर्न असंभव भए तापनि हामीलाई अमूल्य सुझाव दिने सबै व्यक्ति र संगठनलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं । जुलाई २००९ को केप टाउन कन्सल्टेशन, द सेप्टेम्बर २००९ को भर्टुअल साउदर्न अफ्रिका कन्सल्टेशन विथ आर्सा मेम्बर्स, द अक्टुवर २००९ कन्सलटेसन, मस्को र नोभेम्बर २००९ कन्सल्टेशन भिएनामा सहभागी हुनेहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । पोजेटिभली वोमेनका सिल्मिया पेटरेट्री र सोफि स्ट्याचान, जि.एन.पी. प्लस का मुनो न्याम्बे र क्यानडियन एच.आइ.भि. / एडस, लिगल नेटवर्कका केसिल क्याजाटिकल र सान्ड्राचुलाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

देहायका संगठनहरुले यो लिखतलाई समर्थन गरिसकेका छन् :-

AIDS LEGAL NETWORK

ARASA
AIDS & Rights Alliance for Southern Africa

ATHENA

Ассоциация АнтиСПИД

AIDS HILFE

BALANCE
Promoción para el desarrollo y juventud

Canadian HIV/AIDS Legal Network | Réseau juridique canadien VIH/sida

CENTER FOR REPRODUCTIVE RIGHTS

GNP+
GLOBAL NETWORK OF PEOPLE LIVING WITH HIV

GS:SG
Gemeinnützige Stiftung Sexualität und Gesundheit

HEALTH SYSTEMS TRUST

International Community of Women living with HIV/AIDS (ICW)

IPPF International Planned Parenthood Federation

OPEN SOCIETY INSTITUTE

POSITIVELY WOMEN

soph!e
BildungsRaum für Prostituierte

sweat

Tais Plus

THE SALAMANDER TRUST
*Nurturing positive holistic responses to HIV together*

Women WON'T wait
End HIV & Violence Against Women. NOW.

World YWCA